आज मिति २०८० फागुन १० गते विहिबारको दिन दार्मा गाउँपालिका आ.व. २०८०/८१ को १२ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री. जय प्रकाश वि.क. | का.स. |

प्रस्तावहरु

१. गाउँसभाको तयारी सम्बन्धमा।
२. समपुरक र विशेष योजना प्रस्ताव सम्बन्धमा।
३. भूमी आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा।
४. प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
५. कार्यविधि पारित गर्ने सम्बन्धमा।
६. तालिम माग सम्बन्धमा।
७. स्वास्थ्य शिविर संचालन सम्बन्धमा।
८. स्वस्थ चुलो निर्माण अभियान सम्बन्धमा।
९. विविध

**निर्णय नं १**

दार्मा गाउँपालिका गाउँसभाको १४ औँ अधिवेशन यहि मिति २०८० फाल्गुन १२ गते मध्यान्ह १२ बजेबाट दार्मा गाउँपालिकाको नयाँ प्रशासनीक भवनको हलमा संचालन गर्ने। अधिवेशमा तपसिलको प्रस्तावमा छलफलका सभामा पेश गर्ने। र देहायबमोजिमका अतिथिहरुलाई आमन्त्रण गर्ने।

प्रस्तावहरु

१. प्रगति प्रतिवेदन पास गर्ने सम्बन्धमा।
२. बजेट तथा कार्यक्रम रकमान्तर तथा संशोधन सम्बन्धमा।
३. ऐन पारित गर्ने सम्बन्धमा।
४. खेलाडी उत्कृष्ट कर्मचारी सम्मान गर्ने सम्बन्धमा।
५. कृषि क्षेत्रका व्यवसायीकरण तथा बजारीकरण सम्बन्धमा।
६. स्वस्थ चुलो निर्माण अभियान सम्बन्धमा।
७. विविध

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

अतिथिहरु

१. भौतिक पूर्वाधार मन्त्री, प्रकाश ज्वाला
२. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री, कर्णाली प्रदेश भिम प्रकाश शर्मा
३. कर्णाली प्रदेश सभा सदस्य, शुरेस अधिकारी
४. जिल्ला समन्वय समिति उपप्रमुख, अशविर बुढाथोकी

## निर्णय नं २

आर्थिक मामिला तथा योजना मन्त्रालय विरेन्द्रनगर सुर्खेतको मिति २०८०/११/०४ गते प्रकाशित सूचना बमोजिम आर्थिक बर्ष २०८१/०८२ का लागि दार्मा गाउँपालिकामा कर्णाली प्रदेश समपुरक तथा विशेष अनुदान अन्तरगत संचालन गरिने योजना/कार्यक्रम तपसिल बमोजिम छनौट गरि प्रस्ताव गर्ने ।

तपसिल

क) समपुरक अनुदान

| सि नं | योजना/ कार्यक्रमको नाम | कार्यान्वायन हुने स्थान | अनुमानीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गोठिवन त्रिवेणी लैयटा विष्टगाउँ सडक | वडा नं १, २, ५ र ६ | | |
| २ | जलेखर्क बाघखोर सडक निर्माण | वडा नं ५ | | |
| ३ | अरबारे बाघखोर सडक निर्माण | वडा नं ६ | | |

ख) विशेष अनुदान

| सि नं | योजना/ कार्यक्रमको नाम | कार्यान्वायन हुने स्थान | अनुमानीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जनज्योती मा वि फारुलाचौर विद्यालय भवन निर्माओ | वडा नं ३ | | |

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

प्रतिलिपि प्रमाणित
[illegible] ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | लक्ष्मी आ वि ज्यामिरेचौर भवन निर्माण | वडा नं ६ | | |
| ३ | जनकल्यान प्रा वि झ्यारीवाङ भवन निर्माण | वडा नं २ | | |

**निर्णय नं ३**

क) भूमी आयोगको च नं ४३८ मिति २०८०/११/०१ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्ने सम्बन्धी , २०७८ को दफा ४ को उपदफा १ बमोजिम तपसिलको दार्मा गाउँपालिका स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्ने ।

१. निम बहादुर के सी — संयोजक
२. जुना मल्ल चन्द — उपसंयोजक
३. सम्बन्धित स्थानीय तहमा कृयाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको १/१ जना प्रतिनिधि — सदस्य
४. लाल बहादुर सुनार — सदस्य
५. रेवती कामी — सदस्य
६. स्थानीय तहमा क्रियाशिल किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरेहेका संघ, संगठन, वा नागरिक समाजबाट नदोहोरिने गरी सहजिकरण समितिले मनोनयन गरेका प्रतिनिधि ( कम्तीमा एक महिला र एक दलित सहित ३ जना) सदस्य
७. रेशम ओली — सदस्य सचिव

ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्ने सम्बन्धी , २०७८ को दफा ४ को उपदफा २ बमोजिम वडास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गरी दार्मा गाउँपालिकाको कार्यालयमा जानकारी गराउने ।

**निर्णय नं ४**

चालु आ व २०८०/०८१ को पहिलो अर्धबार्षिक प्रगति प्रतिवेदन छलफल गरि पारित गरियो ।

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

**निम बहादुर के.सी.**
**गाउँपालिका अध्यक्ष**

प्रमाणित

**रेशम ओली**
**प्रमुख प्रशासकीय अधिकृत**

## निर्णय नं ५

विधेयक समितिले पारित गरि प्रस्ताव गरेका तपसिलका कार्यविधिहरु पारित गर्ने ।

| सि नं | विधेयकको नाम | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०८० | पास गर्ने | |
| २ | जलस्रोत तथा मुहान दर्ता सम्बन्धि कार्यविधि, २०८० | अनुसूची संसोधन | |

## निर्णय नं ६

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानमा सिकर्मी तथा डकर्मी सम्बन्धी तालिम संचालनको लागि तालिम माग गर्ने ।

## निर्णय नं ७

बयोधा हस्पिटल काठमाडौँको सहयोगमा यहि मिति २०८० साल फाल्गुन १६ गते संचालन हुने ओठ तथा तालु फाटेकाहरुको निशुल्क शिविर संचालन तथा सोहि दिनदेखी संचालन हुने स्थायी बन्ध्याकरण सम्बन्धी शिविर संचालनको लागि अनुमती प्रदान गर्ने र शिविर संचालनको लागि आवश्यक सहजीकरण गर्ने ।

## निर्णय नं ८

दार्मा गाउँपालिकाका सबै घरधुरीहरुमा स्वस्थ चुलो निर्माणको लागि अभियान संचालन गर्ने र यससम्बन्धी विस्तृत प्रस्ताव गाउँसभामा पेश गर्ने ।

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत